# शिक्षा तालिम केन्द्र, तनहुँको
# चमेनागृह सञ्चालन सम्बन्धी सूचना
## सूचना प्रकाशित मिति २०८१।०५।२०

यस तालिम केन्द्र तनहुँ र विस्तारित शाखा कास्कीमा अवस्थित चमेनागृह (Canteen) मा कर्मचारी तथा तालिमका सहभागीहरु समेतका लागि तपसिल बमोजिमको शर्तको अधिनमा रही खाजा/खाना उपलब्ध गराउने गरी चमेनागृह सञ्चालन गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्मले यही मिति २०८१।०५।२० देखि सात दिन भित्र (मिति २०८१।०५।२६ गते सम्म) कार्यालय समयभित्र संलग्न खाजा/खानाको परिकार र तोकिएको दररेटभन्दा नबढ्ने गरी के-कति दररेटमा उपलब्ध गराउन सकिन्छ दररेट सहितको प्रस्ताव खामबन्दी गरी तालिम केन्द्रमा पेश गर्नुहुन सूचित गरिन्छ ।

१. चमेनागृह सञ्चालन गर्ने भवन तालिम केन्द्रबाट उपलब्ध हुने छ । उक्त भवन प्रयोग गरे बापत संचालकले तनहुँको लागि मासिक रकम रु. २५००।- र कास्कीको लागि मासिक रकम रु. ३०००।– तिर्नु पर्ने छ ।

२. प्रस्तावक कम्पनी तथा फर्मले चमेनागृह, होटल, रेष्टुरेण्ट क्याटरिङ्ग वा चमेनागृह व्यवसायका लागि सम्बन्धित निकायवाट इजाजत लिई भ्याट/प्यान दर्ता प्रमाण-पत्र का साथै गत आ.व.को करचुक्ता प्रमाण-पत्र समेत पेश गर्नुपर्ने छ ।

३. चमेनागृह संचालकलाई चमेनागृहको लागि किचेन, डाइनिङ हल तथा उक्त कोठामा रहेका टेबुल, प्लाष्टिक मेच र दराज तालिम केन्द्रले उपलब्ध गराउने छ र अन्य आवश्यक सामान तथा भाडावर्तन लगायतका सरसामानहरु संचालक आफैले व्यवस्था गर्नुपर्ने छ ।

४. सरसफाई प्रयोजनको लागि कार्यालयबाट पानी उपलब्ध हुनेछ । पिउन र खाना बनाउनको लागि आवश्यक पर्ने पानीको प्रवन्ध संचालक स्वयंले गर्नुपर्ने छ ।

५. सामान्यतया चमेनागृह विहान ९:०० बजेदेखि साँझ ९:०० बजेसम्म सञ्चालनमा रहनुपर्ने छ तर कार्यालयको आवश्यकता अनुसार सार्वजनिक विदाको दिनमा र अन्य समयमा समेत चमेनागृह सञ्चालन गर्न सकिनेछ ।

६. संचालकले चमेनागृहमा उपलब्ध हुने खाना तथा खाजाको दर रेट सहितको मूल्य सूची सबैले देख्न सक्ने स्थानमा अनिवार्य रुपमा राख्नुपर्ने छ ।

७. चमेनागृह सँधै सफा सुग्घर राखी कार्यालयको निर्देशन बमोजिम सुलभ, स्वादिष्ट र ताजा खाना तथा खाजा खुवाउनुपर्ने छ । प्रशोधित पानी (Mineral water) वा गुणस्तरयुक्त पिउने पानीको प्रवन्ध संचालक आफैले गर्नुपर्ने छ ।

८. चमेनागृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा पूर्व निर्धारित स्तरको सेवा (प्रवाह सन्तोषजनक भएको नपाईएमा जुनसुकै वखत कार्यालयले हटाउन सक्ने छ ।

९. नेपाल सरकार कृषि मन्त्रालयबाट जारी भएको "खाद्य स्वच्छताको आधारमा होटल रेष्टुरेष्ट स्तरीकरण गर्ने सम्वन्धी निर्देशिका, २०७४" को व्यवस्थाअनुरुप चमेनागृह संचालन हुनु पर्नेछ । चमेनागृह सञ्चालन गर्दा सिर्जित फोहरजन्य पदार्थको सुरक्षित तरिकाले सञ्चालकले व्यवस्थापन गर्नुपर्नेछ ।

१०. चमेनागृह उपलब्ध गराउनु पर्ने मुख्य– मुख्य खाजा/खानाको परिकार, इकाई र अधितम् मूल्य सूची यसैसाथ संलग्न छ। इच्छुक फर्म/कम्पनीले उक्त मूल्यमा नबढ्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ र संलग्न परिकार लिष्ट बाहेक आवश्यकता अनुसार आयोगको स्वीकृती लिई संचालकले खाना/खाजाको परिकार थप गर्न सक्ने छ ।

नेपालहरि [illegible]
तालिम प्रमुख

# शिक्षा तालिम केन्द्र तनहुँ

## आ.व. २०८०।०८१ को लागि चमेनागृहमा उपलब्ध गराउनु पर्ने खाना तथा खाजाको विवरण र दररेट

| क.स | विवरण | इकाई | प्रति इकाई मूल्य रु (अधिकतम) | दरभाउपत्र दाताको प्रस्तावित मूल्य रु. | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | अङ्कमा | अक्षरमा | |
| १ | दुध चिया | १ कप | २० | | | |
| २ | कालो चिया | १ कप | १५ | | | |
| ३ | दुध कफी. | १ कप | ४० | | | |
| ४ | कालो कफी | १ कप | २५ | | | |
| ५ | दुध . | १ कप | ३० | | | |
| ६ | दहि . | १ कप | ३० | | | |
| ७ | अम्लेट . | १ पिस | २५ | | | |
| ८ | सेल रोटी . | १ पिस | २५ | | | |
| ९ | चना, अण्डा र ब्रेड सेट ( अण्डा-१, ब्रेड २ पिस) | १ सेट | ७५ | | | |
| १० | सादा रोटी तरकारी (रोटी ३ ओटा) | १ सेट | ६० | | | |
| ११ | पुरि तरकारी (पुरी ३ ओटा) | १ सेट | ६५ | | | |
| १२ | तरकारी (मौसम अनुसारको) | १ प्लेट | २५ | | | |
| १३ | समोसा तरकारी ( समोसा २ ओटा) | १ पिस | ७५ | | | |
| १४ | खिर . | १ प्लेट | ७० | | | |
| १५ | भेज चाउमिन | १ प्लेट | ७० | | | |
| १६ | चिकेन चाउमिन | १ प्लेट | ९० | | | |
| १७ | चिकेन मःम. | १ प्लेट | १२० | | | |
| १८ | भेज मःम . | १ प्लेट | १०० | | | |
| १९ | चिकेन खाजा सेट (चिकेन,चिउरा,भुजा,दालमोठ,भटमास र अचार) | १ सेट | १५० | | | |
| २० | मटन खाजा.सेट (मटन,चिउरा,भुजा,दालमोठ,भटमास र अचार) | १ सेट | २५० | | | |
| २१ | आलु परौठा.र अचार (परौठा २ ओटा) | १ पिस | ८० | | | |
| २२ | पानी (मिनिरल) | १ पिस | २० | | | |
| २३ | चाउचाउ उमालेको | १ ओटा | ५० | | | |
| २४ | चाउचाउ फ्राइ | १ ओटा | ६० | | | |
| २५ | सादा खाना .(दाल,भात,तरकारी,सलाद,अचार) | १ सेट | १५० | | | |
| २६ | चिकेन खाना (दाल,भात,तरकारी,सलाद,अचार) | १ सेट | २५० | | | |
| २७ | मटन खाना .(दाल,भात,तरकारी,सलाद,अचार) | १ सेट | ३०५ | | | |
| २८ | माछा खाना .(दाल,भात,तरकारी,सलाद,अचार) | १ सेट | २५५ | | | |
| २९ | लोकल माछा खाना (दाल,भात,तरकारी,सलाद,अचार) | १ सेट | ३०५ | | | |
| ३०. | स्पेशल खाना सेट | १ सेट | ४०५ | | | |
| ३१. | मिक्स फलफूल | १ प्लेट | १६० | | | |

फर्मको नामः

प्रोप्राइटर वा अधिकार प्राप्त प्रतिनिधिको नामः

सहिछापः

मितिः

फर्मको छापः

फोन नं.

नेपालहरि रानाभाट
तालिम प्रमुख

१२. अन्य विस्तृत शर्तहरु सम्झौतामा समावेश गर्न सकिनेछ ।

१३. यो सूचना र दररेट फाराम कार्यालयको वेवसाइट बाट डाउनलोड गरी प्रस्तावसाथ कार्यालयको प्रशासन फाँटमा दर्ता गराउनु पर्नेछ ।

१४. थप जानकारी आवश्यक परेमा ९८५६०४६५०१ वा ९८५६०७७४३७ मा सम्पर्क गर्न सकिनेछ ।